# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ३२ | अंक ८ | नेपाल राष्ट्र बैंक समाचार | वैशाख २०६५ | अप्रिल/मे २००८


५३ औं वार्षिकोत्सव विशेष

## मौद्रिक स्थायित्व कायम गर्न कटिबद्ध

कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले उच्च आर्थिक वृद्धिका लागि नेपाल राष्ट्र बैंक मौद्रिक स्थायित्व कायम गर्न कटिबद्ध रहेको कुरा व्यक्त गर्नुभएको छ।

उक्त कुरा उहाँले बैंकको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा दिनुभएको वक्तव्यमा उल्लेख गर्नुभएको हो। वक्तव्यमा उहाँले आर्थिक गतिविधिमा विस्तार ल्याउन लचिलो मौद्रिक नीतिको अडान कायम गर्न आवश्यक रहेको र उच्च आर्थिक वृद्धिको लागि आवश्यक वातावरण बनाई राख्न मूल्य स्थिरता कायम गर्न जरूरी भएको उल्लेख गर्नुभयो।

नेपाली अर्थतन्त्रको उच्च वृद्धिका लागि औद्योगिक तथा सेवा क्षेत्रको विस्तारका साथै पूर्वाधारको विकास र कृषि क्षेत्रको उत्पादकत्व वृद्धि अनिवार्य शर्तको रूपमा रहेको उहाँले बताउनुभयो।

नेपाली अर्थतन्त्रको चिन्ताको विषय रहेको ह्रासोन्मुख वस्तु निर्यातमा सुधार ल्याउन निर्यातजन्य वस्तुहरूको दिगो रूपमा प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादकत्व वृद्धि जरुरी रहेको र यसका लागि पूर्वाधारको विकास र औद्योगिक वातावरणमा सुधार हुन आवश्यक रहेको पनि उहाँले व्यक्त गर्नुभयो। (वक्तव्यको सम्पादित सारांश पृष्ठ ३ र ४ मा प्रकाशित गरिएको छ।)●

# नेपाल राष्ट्र बैंक ५३ औं वर्षमा




नेपाल राष्ट्र बैंक २०६५ वैशाख १४ गते स्थापनाकालको ५२ वर्ष पूरा गरी ५३ औं वर्षमा प्रवेश गरेको छ। यसै अवसरमा सोही दिन बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा विशेष समारोहको आयोजना गरियो।



कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरको सभापतित्वमा आयोजित उक्त समारोहमा उहाँले २० देखि २५ वर्ष सेवा अवधि पुगेका बैंकका ५०८ जना अधिकृत तथा कर्मचारीहरुलाई सेवा उपहार वितरण गर्नुभयो। यस वर्ष सेवा उपहार पाउनेहरुको संख्या ५२३ थियो।

उक्त अवसरमा कायममुकायम गभर्नर श्री मानन्धरले न्यून आर्थिक वृद्धि, खस्कँदो निर्यात र मूल्यमा परेको चाप नेपाली अर्थतन्त्रको लागि चिन्ताको विषय भएको बताउनु भयो। बढ्दो वित्तीय संस्थाहरूको व्यवस्थापन र वित्तीय समावेशीको मुद्दा नेपाली अर्थतन्त्रको व्यवस्थापनका प्रमुख चुनौती भएको विचार व्यक्त गर्दै उहाँले यी चुनौतीहरूको सफलतापूर्वक सामना गर्न बैंक निरन्तर प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

समारोहका प्रमुख अतिथि प्रथम गभर्नर श्री हिमालयशमशेर जबराले नेपालमा आर्थिक क्रान्तिको खाँचो रहेको उल्लेख गर्नुभयो। देश युगान्तकारी परिवर्तनको संघारमा आइपुगेको



बताउँदै उहाँले नयाँ परिस्थितिमा केन्द्रीय बैंकले लिनसक्ने आर्थिक नीतिका बारेमा देशका अर्थविद्हरुसंग बैंकले अन्तरक्रिया सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो।

## वार्षिकोत्सव समारोह

समारोहमा डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले स्वागत मन्तव्य व्यक्त गर्नुभयो । उहाँले सेवा उपहार प्राप्त गर्नुभएका अधिकृत तथा कर्मचारीहरुलाई कदरपत्र वितरण गर्नुभएको थियो ।



कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री दीपेन्द्रबहादुर क्षेत्री, नेपाल राष्ट्र बैंकका सञ्चालकहरु श्री विद्याधर मल्लिक, डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिना तथा श्री शम्भुशरण प्रसाद कायस्थ र अर्थसचिव (राजस्व) श्री रामेश्वर खनाल उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा पूर्वगभर्नरहरु, पूर्वडेपुटी गभर्नरहरु, विदेशी दातृ निकायका प्रतिनिधिहरु, बैंकका वरिष्ठ अधिकृतहरु, विभिन्न बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरु, बैंकका बहालवाला तथा अवकाशप्राप्त अधिकृत तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री लिलाप्रकाश सिटौलाले प्रमुख



अतिथि तथा अतिथिहरु लगायत आमन्त्रित सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सेवा उपहार पाउनेहरुको तर्फबाट गभर्नरको कार्यालयका कार्यकारी निर्देशक श्री गोपालप्रसाद काफ्लेले मन्तव्य व्यक्त गर्नुभयो । केन्द्रीय बैंक इज्जतदार संस्था भएकोले यस संस्थामा कार्यरत कर्मचारीहरु पनि इज्जतदार र प्रतिष्ठित भएको चर्चा गर्दै उहाँले बैंकले नै हामीलाई कर्तव्यनिष्ठ, परिश्रमी र अनुशासित बन्न अभिप्रेरित गरेको धारणा व्यक्त गर्नुभयो । केन्द्रीय बैंक आर्थिक तथा



जनशक्तिका दृष्टिले सक्षम हुनुपर्ने उल्लेख गर्दै उहाँले यसका दूरदृष्टि र लक्ष्यहरु परिपूर्ति गर्न कर्मचारीहरुले निस्वार्थ भएर इमान्दारीपूर्वक नयाँ जोश र जाँगरका साथ आ–आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो । साथै, उहाँले सेवा उपहारप्राप्त कर्मचारीहरुसंग लामो समयको अनुभव भएको हुँदा अबका दिनमा बैंकलाई कुशलतापूर्वक स्तरीय सेवा दिन हरतरहले लागि पर्ने बताउनुभयो ।

समारोहमा मन्तव्य व्यक्त गर्दै नेपाल राष्ट्र बैंक कर्मचारी संघका केन्द्रीय अध्यक्ष श्री वसन्तराज पाण्डेले वित्तीय



माफियाहरुका कारण बैंकलाई आफ्ना गतिविधि प्रभावकारी ढंगले सम्पादन गर्न समस्या उत्पन्न भएको बताउनुभयो । वैदेशिक सहयोगले मात्र देश विकास सम्भव नहुने तर्क राख्दै उहाँले यसका लागि स्वदेशी स्रोत र साधनको उपयोगमा जोड दिनु पर्ने धारणा व्यक्त गर्नुभयो । यसै प्रसङ्गमा उहाँले नेपालमा स्रोत र साधन प्रचुर मात्रामा रहेको तर यसको उचित व्यवस्थापन गर्ने कुशल व्यवस्थापकको अभाव रहेको बताउनुभयो ।

नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकका केन्द्रीय अध्यक्ष श्री संजय मिश्रले अब देशमा आर्थिक क्रान्तिको थालनी गर्नु पर्ने विचार व्यक्त गर्नुभयो । विगत एक दशकको द्वन्द्वकालमा केन्द्रीय बैंकले वित्तीय क्षेत्र सुधार कार्यक्रम सफलतापूर्वक सञ्चालन गरेको बताउँदै उहाँले आर्थिक क्रान्तिका लागि बैक पनि तयार रहनु पर्ने धारणा व्यक्त गर्नुभयो । यसैक्रममा उहाँले भन्नुभयो, "आर्थिक



विकासका लागि विदेशी नक्कल गरिएको होइन, स्वदेशी हावापानी सुहाउँदो नयाँ आर्थिक मोडल तयार गर्नु पर्छ । अहिलेको समय स्वदेशी अर्थविद्हरुका लागि परीक्षाको घडी पनि हो ।"

नेपाल राष्ट्रिय कर्मचारी संघ नेपाल राष्ट्र बैंकका अध्यक्ष श्री तीर्थराज सिलवालले नयाँ परिस्थितिमा केन्द्रीय बैंक पनि नयाँ



सोचका साथ अघि बढ्नु पर्ने सुझाव दिनुभयो ।

कार्यक्रमको सञ्चालन सामान्य सेवा विभागका सहायक निर्देशक श्री शिवहरि पौडेलले गर्नुभएको थियो ।



# 'नेपाल राष्ट्र बैंक मौद्रिक स्थायित्व कायम गर्न कटिबद्ध छ'

"नेपाल राष्ट्र बैंक आफ्नो स्थापनाकालको ५२ वर्ष पार गरी ५३ औं वर्षमा प्रवेश गरेको अवसरमा बैंकको उन्नति र विकासमा सहयोग पुऱ्याउनु हुने समस्त महानुभावहरू तथा संघ/संस्थाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नेपालको राजनैतिक इतिहासमा २०६४ साल युगान्तकारी रह्यो । संविधान-सभाको चुनावपछि लामो समयसम्मको द्वन्द्वको स्थिति र राजनैतिक अस्थिरता अन्त्य हुने र देश आर्थिक उन्नतितर्फ अग्रसर हुने आशलाग्दो स्थिति सिर्जना भएको छ । राजनैतिक स्थिरता र दिगो शान्ति उच्च आर्थिक वृद्धिका अपरिहार्य तत्व हुन् । छिमेकी मुलुक चीनले धेरै लामो समयदेखि र भारतले विगत ५/६ वर्षदेखि उच्च आर्थिक वृद्धि हासिल गरिरहेका छन् । यसैगरी विगत चार/पाँच वर्षयता विश्व उत्पादनमा विस्तार आयो र न्यून आर्थिक वृद्धिदर रहेका अफ्रिकाका खासगरी सब-साहारन मुलुकहरूमा पनि लगातार उच्च आर्थिक वृद्धिदरको स्थिति रह्यो । नेपालले छिमेकी मुलुकहरू लगायत विश्वको उच्च आर्थिक वृद्धिबाट लाभ लिन सक्नु पर्दछ ।

समावेशी राजनैतिक मुद्दाले आर्थिक समावेशीकरणको मुद्दालाई पनि उजागर गरेको छ । उच्च आर्थिक वृद्धिदर हासिल नगरीकन आर्थिक समावेशीकरणलाई सफलतापूर्वक सम्बोधन गर्न सकिँदैन । नेपाली अर्थतन्त्रको उच्च वृद्धिको लागि औद्योगिक तथा सेवा क्षेत्रको विस्तारका साथै पूर्वाधारको विकास र कृषि क्षेत्रको उत्पादकत्व वृद्धि अनिवार्य शर्तको रूपमा रहेका छन् ।

आर्थिक वर्ष २०६४।६५ मा कृषि उत्पादन राम्रो रहे पनि औद्योगिक उत्पादन वृद्धि ऋणात्मक रहने देखिएको छ । पर्यटन र संचार क्षेत्रमा विस्तार देखिए तापनि अन्य सेवा क्षेत्रको विस्तार अपेक्षित रूपमा हुन सकेको छैन । तसर्थ, अघिल्लो वर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनमा सुधार आउने देखिए पनि लक्षित आर्थिक विकासको लागि यो वृद्धिदर पर्याप्त छैन ।

अहिले मूल्यवृद्धि र ह्रासोन्मुख वस्तु निर्यात नेपाली अर्थतन्त्रका लागि चिन्ताको विषय रहेको छ । तयारी पोशाक, ऊनी गलैंचा, पश्मिना, वनस्पति घ्यू र प्लाष्टिकजन्य सामान जस्ता प्रमुख निर्यातजन्य वस्तुहरूको आन्तरिक उत्पादन र वाह्य निर्यात घट्ने प्रवृत्ति यथावत रहेको छ । वस्तु निर्यात घट्ने प्रवृत्तिलाई नीतिगत पहलमा रोक्न त्यति सरल छैन । नेपाली निर्यातजन्य वस्तुहरूको दिगो रूपमा प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादकत्व वृद्धि हुनु जरुरी छ । यसका लागि पूर्वाधारको विकास र औद्योगिक वातावरणमा सुधार हुन आवश्यक छ ।

अन्तर्राष्ट्रियस्तरमा इन्धनको मूल्यवृद्धिको तुलनामा नेपालमा सो अनुरूप समायोजन हुन नसकेकोले नेपाल आयल निगमको घाटामा विस्तार आउने प्रवृत्ति बढेको छ । तेलको आपूर्ति सहज तुल्याइराख्न बजेटबाट रकमको व्यवस्था गरिरहनु परेकोले बजेट घाटा पनि बढेको छ । मूल्यमा चाप, नेपाल आयल निगमको घाटामा विस्तार, बजेट घाटा वृद्धि र वस्तु निर्यात घट्ने प्रवृत्तिको कारण नेपालको समष्टिगत आर्थिक स्थायित्व कायम राख्न चुनौतीपूर्ण रहेको छ । यस पृष्ठभूमिमा एकातिर आर्थिक गतिविधिमा विस्तार ल्याउन लचिलो मौद्रिक नीतिको अडान



कायम गर्न आवश्यक छ भने अर्कोतिर उच्च आर्थिक वृद्धिको लागि आवश्यक वातावरण बनाइराख्न मूल्यस्थिरता कायम गर्नु पनि त्यत्तिकै जरूरी छ । म यस अवसरमा नेपाल राष्ट्र बैंक मौद्रिक स्थायित्व कायम गर्न कटिबद्ध रहेको कुरा व्यक्त गर्न चाहन्छु ।

बैंक तथा अन्य वित्तीय संस्थाहरुप्रति निजी क्षेत्रको आकर्षण बढ्दो छ । विगत एक वर्षमा निजी क्षेत्रमा तीन वटा वाणिज्य बैंकहरू स्थापना भई सोको संख्या २३ पुगेको छ । विकास बैंकको संख्या २१ ले थप भई ५८ पुगेको छ । वित्त कम्पनीको संख्यामा ९ ले विस्तार भई ७९ पुगेको छ । बीमा कम्पनीको संख्या २२ पुगेको छ । बढ्दो बैंक तथा वित्तीय संस्थाहरूको कुशल व्यवस्थापन होस् भन्ने तर्फ नेपाल राष्ट्र बैंक सजग छ । बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभिन सजिलो होस् र सो प्रक्रियाबाट वित्तीय क्षेत्रको सुदृढीकरण हुने प्रक्रियाको थालनी होस् भन्ने उद्देश्यले यस बैंकको पहलमा तर्जुमा गरिएको बैंक तथा वित्तीय संस्था ऐन, २०६३ माथिको संशोधन प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत समेत गरिसकेको छ ।

आर्थिक वर्ष २०६४।६५ मा प्रमुख खाद्यान्न बालीहरूको उत्पादन सन्तोषजनक रहने देखिन्छ । प्रमुख खाद्यान्न बाली धानको उत्पादन मौसमी अनुकूलताको कारण चालू वर्षमा १६.८ प्रतिशतले वृद्धि हुने अनुमान छ भने मकै तथा कोदोको उत्पादन वृद्धिदर क्रमशः ३.२ प्रतिशत र २.२ प्रतिशत रहने अनुमानका आधारमा चालू आर्थिक वर्षमा कृषि क्षेत्रको वृद्धिदर ५.१ प्रतिशतसम्म रहने अपेक्षा गरिएको छ ।

२०६५ वैशाख ६ गतेसम्मको नगद प्रवाहमा आधारित तथ्याङ्कका आधारमा विश्लेषण गर्दा नेपाल सरकारको कुल बजेट घाटा रू. ३ अर्ब ९८ करोड रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारको कुल बजेट रू. ५ अर्ब २५ करोडले बचतमा थियो ।

# 'चुनौतीहरूको सामना गर्न नेपाल राष्ट्र बैंक निरन्तर प्रयासरत छ'

सरकारी खर्चको वृद्धि उच्च रहेकाले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको हो। अघिल्लो वर्षको यसै अवधिमा १०.३ प्रतिशतले बृद्धि भएको सरकारी खर्च २०६५ वैशाख ६ गतेसम्ममा ३१.३ प्रतिशतले वृद्धि भई रू. ९२ अर्ब ३ करोड पुगेको छ।

यस अवधिमा सरकारी राजस्व २५ प्रतिशतले वृद्धि भई रू. ७२ अर्ब ७८ करोड पुगेको छ। गत वर्षको यसै अवधिमा राजस्व २३.२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा वैदेशिक नगद अनुदान ७.८ प्रतिशतले वृद्धि भई रू. १२ अर्ब ३३ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष यसै अवधिमा सो शीर्षकमा रू. ११ अर्ब ४४ करोड प्राप्त भएको थियो। बजेट घाटा पूर्ति गर्ने क्रममा २०६५ वैशाख ६ गतेसम्ममा सरकारले रू.१३ अर्ब ३३ करोड आन्तरिक ऋण उठाइसकेको छ। यस आर्थिक वर्षका लागि बजेटमा व्यवस्था भएको आन्तरिक ऋण रू.२० अर्ब ५० करोडमध्ये रू. ७ अर्ब १७ करोड आन्तरिक ऋण उठाउन बाँकी छ।

देशका कतिपय भागहरूमा सिर्जित असहज परिस्थिति, ऊर्जा आपूर्तिको क्षेत्रमा देखापरेको समस्या र निर्यातमा आएको गिरावटका कारण आर्थिक वर्ष २०६४।६५ को पहिलो ६ महिनाको अवधिमा औद्योगिक उत्पादन सूचकाङ्क ०.२ प्रतिशतले ऋणात्मक रहेको केन्द्रीय तथ्याङ्क विभागले जनाएको छ। तथापि समग्र उद्योग क्षेत्रको वृद्धिदर अघिल्लो वर्षको २.२ प्रतिशतको तुलनामा चालु आर्थिक वर्ष ०.४ प्रतिशतले मात्र बढ्ने अनुमान छ।

सेवा क्षेत्रतर्फ पर्यटक आगमनमा भएको १८ प्रतिशतको वृद्धि, थप बैंक तथा वित्तीय संस्थाहरूको स्थापना, वाणिज्य बैंकहरूले गरेको शाखा विस्तार लगायतका कारणबाट आर्थिक वर्ष २०६४।६५ मा सेवा क्षेत्रको वृद्धिदर अघिल्लो वर्षको ४.१ प्रतिशतको हाराहारीमा रहने अनुमान गरिएको छ।

विश्व बैंक, बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग र नेपाल सरकारको ऋण तथा अनुदान सहयोगमा सञ्चालन भइरहेको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल राष्ट्र बैंकको रि-इन्जिनियरिङ्ग, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना र समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरू आर्थिक वर्ष २०६४।६५ मा पनि संचालनमा रहेका छन्। वित्तीय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयन एकाईको रूपमा नेपाल राष्ट्र बैंकले निरन्तर काम गर्दै आएको छ। यस कार्यक्रम अन्तर्गत नेपाल बैंक लिमिटेडको पुनर्संरचना गर्ने प्रमुख उद्देश्य सहित उक्त बैंकलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ग) को उपदफा १ (ण) अनुसार नेपाल राष्ट्र बैंकको नियन्त्रणमा लिइएको छ। राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन समूहका परामर्शदाताहरूसँगको करार अवधि शुरूमा जनवरी १६, २००३ देखि पटक पटक गरी जुलाई १५, २००८ सम्मका लागि थप गरिएको छ।

नेपाल सरकारको २०६४ साउन ८ को निर्णयानुसार रू. ५ करोडभन्दा बढी साँवा रकम ऋण लिएका कालोसूचीमा उल्लिखित ऋणी तथा ऋणीसँग सम्बन्धित व्यक्तिहरूलाई निजहरूको नाममा जारी भएको राहदानी जफत गर्ने र नयाँ जारी गर्न रोक लगाउने व्यवस्था गरिएको छ। त्यस्तै, निजहरूलाई कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा हुने कुनै पनि कम्पनीको सञ्चालक हुन रोक लगाउन, ऋण तिर्ने प्रयोजनका लागि बाहेक निजहरूको स्वामित्वमा रहेको कुनै पनि चल/अचल सम्पत्ति रोक्का राख्न र शेयरको खरिद बिक्री रोक्का राख्न निर्देशन दिइएको छ। निजहरूबाट सरकारी सुरक्षणपत्रहरूमा भएको लगानी जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्न, ऋण तिर्ने प्रयोजनका लागि बाहेक ऋणी र ऋणीसँग सम्बन्धित व्यक्तिहरूलाई सबै किसिमका निक्षेप (स्वदेशी तथा विदेशी) को भुक्तानीमा रोक लगाउन र ऋणी र ऋणीसँग सम्बन्धित व्यक्तिहरूलाई प्रदान गरिएको लकर सुविधा अनुसार लकरमा राखिएका सबै सम्पत्ति रोक्का राख्न समेत निर्देशन दिइएको छ।

न्यून आर्थिक वृद्धि, खस्कँदो निर्यात, मूल्यमा चाप, बढ्दो वित्तीय संस्थाहरूको व्यवस्थापन र वित्तीय समावेशीको मुद्दा नेपाली अर्थतन्त्रको व्यवस्थापनका प्रमुख चुनौतीका रूपमा रहेको कुरा अनुरोध गर्न चाहन्छु। यी चुनौतीहरूको सफलतापूर्वक सामना गर्न नेपाल राष्ट्र बैंक निरन्तर प्रयासरत रहने पुनः दोहोऱ्याउन चाहन्छु। नेपाल राष्ट्र बैंकको कार्यमा सघाउ पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, निजी क्षेत्रका संघ/संस्थाहरू, प्रबुद्ध वर्ग र दातृ निकायहरूलाई यस अवसरमा धन्यवाद दिन चाहन्छु र भविष्यमा पनि सहयोग मिल्ने विश्वास लिएको छु।

अन्त्यमा लामो समयसम्म यस बैंकमा कार्यरत मेरा सहकर्मीहरूमध्ये यो वर्ष कोहीले अवकाश प्राप्त गरिसक्नु भएको र कोही अवकाशप्राप्त गर्ने क्रममा रहनु भएको छ। नेपाल राष्ट्र बैंकका कामकारवाही सफलतापूर्वक सम्पन्न गर्न पुऱ्याउनु भएको सहयोगलाई उच्च मूल्याङ्कन गर्दै उहाँहरूको अवकाश जीवन सुखमय रहोस् भन्ने कामना गर्दछु। साथै, बैंक सेवामा २० वर्ष अवधि पुरा गरी बैंकको ५३ औं वार्षिकोत्सवको अवसरमा २० वर्षे सेवा पदक पाउनु हुने समस्त सहकर्मीहरूलाई हार्दिक बधाई दिन चाहन्छु।

*धन्यवाद !"*



# सेवा उपहार र कदरपत्र वितरण

यस वर्ष बैंकको उपलक्ष्यमा सेवा उपहार तथा कदरपत्र प्राप्त गर्ने अधिकृत तथा कर्मचारीहरुको संख्या ५२३ रहेको छ। सेवा उपहार पाउनेहरुमध्ये ५०८ जनालाई वैशाख १४ गते आयोजित बैंकको ५३ औं वार्षिकोत्सव समारोहमा सो उपहार र कदरपत्र वितरण गरियो।



सेवा उपहार पाउने कर्मचारीको संख्या बैंकको कुल कर्मचारी संख्याको एक तिहाइभन्दा बढी रहेको छ। गत वर्षसम्म बैंकमा २५ वर्ष सेवा गरिसकेका कर्मचारीहरुलाई मात्र प्रदान गर्ने गरिएको सेवा उपहार यो वर्षदेखि २० वर्ष सेवा अवधि पुगेका कर्मचारीहरुलाई प्रदान गर्न लागिएको हो। यसैकारण यो वर्ष सेवा उपहार पाउने कर्मचारीहरुको संख्या बढी भएको हो।

उपहार पाउनेहरुमा १९० जना अधिकृत स्तरका र ३३३ जना सहायक स्तरका कर्मचारीहरु रहेका छन्। अवकासपछि २ र मरोणोपरान्त २ जनालाई यस्तो उपहार प्रदान गरिएको छ। सेवा उपहार पाउनेहरुको नामावली यसप्रकार रहेको छ।

## गभर्नरको कार्यालय

१ कार्यकारी निर्देशक डा. युवराज खतिवडा
२ कार्यकारी निर्देशक श्री गोपालप्रसाद काफ्ले
३ सहायक निर्देशक श्री सविता बस्नेत
४ सुपरभाइजर (कम्प्युटर) श्री रामप्रसाद राजभण्डारी
५ सहायक श्री राधाकृष्ण पुडासैनी
६ वरिष्ठ पियन श्री माधवप्रसाद सापकोटा

## डेपूटी गभर्नरको कार्यालय

१ वरिष्ठ पियन श्री चन्द्रबहादुर तामाङ्ग
२ वरिष्ठ पियन श्री शिवप्रसाद खतिवडा

## जनशक्ति व्यवस्थापन विभाग

१ कार्यकारी निर्देशक श्री लिलाप्रकाश सिटौला
२ निर्देशक श्री प्रदिपराज पाण्डे
३ निर्देशक श्री शम्भु थापा
४ उप-निर्देशक श्री किरण विष्ट
५ उप-निर्देशक श्री टेकबहादुर कुँवर
६ सहायक निर्देशक श्री रमेशप्रसाद घिमिरे
७ सहायक निर्देशक श्री बद्रीकुमार घिमिरे
८ सहायक निर्देशक श्री वीरकाजी शाक्य
९ सुपरभाइजर (कम्प्युटर) श्री तीर्थराज श्रेष्ठ
१० सुपरभाइजर (कम्प्युटर) श्री गोवर्धन श्रेष्ठ
११ प्रधान सहायक श्री श्यामबाबु खनाल
१२ सहायक श्री हरिदास वैष्णव
१३ वरिष्ठ पियन श्री सुरेशकुमार आचार्य

## सामान्य सेवा विभाग

१ का.मु. कार्यकारी निर्देशक श्री भाष्करमणि ज्ञवाली
२ का.मु. निर्देशक श्री प्रद्युम्नकुमार भट्टराई
३ वरिष्ठ स्वास्थ्य सुपरभाइजर श्री राजेन्द्रबहादुर स्वाँर
४ वरिष्ठ अटोमोबाइल सुपरभाइजर श्री केशवप्रसाद बडाल
५ सहायक निर्देशक श्री शिवहरि पौडेल
६ सुपरभाइजर (कम्प्युटर) श्री पूर्णमान थापा
७ प्रधान सहायक श्री कुमार कार्की
८ वरिष्ठ क्लिनिक सहायक श्री मिना ढकाल कोइराला
९ प्रधान चालक श्री नवराज सिल्वाल
१० प्रधान चालक श्री विष्णुबहादुर मगर
११ प्रधान चालक श्री सानुबाबु महर्जन
१२ प्रधान चालक श्री गोपिकृष्ण भण्डारी
१३ प्रधान चालक श्री विनोद शाक्य
१४ प्रधान चालक श्री हरसिंह विष्ट
१५ प्रधान चालक श्री माधवप्रसाद पौडेल
१६ प्रधान चालक श्री दीपकप्रसाद पन्त
१७ प्रधान चालक श्री सानु महर्जन
१८ प्रधान चालक श्री उद्धवप्रसाद मैनाली
१९ प्रधान चालक श्री श्यामकृष्ण खड्गी
२० प्रधान नगद सहायक श्री अर्जुनबहादुर पाण्डे
२१ वरिष्ठ सिकर्मी श्री भुवन शिल्पकार
२२ वरिष्ठ कम्पाइलर श्री उषा भट्टराई
२३ उपप्रधान चालक श्री शिवराज अधिकारी
२४ उपप्रधान चालक श्री मेघबहादुर पाखिन
२५ उपप्रधान चालक श्री गोविन्द सिल्वाल
२६ उपप्रधान चालक श्री बाबुकाजी महर्जन
२७ सहायक इलेक्ट्रिसियन श्री त्रिरत्न महर्जन
२८ वरिष्ठ चालक श्री गोविन्द महर्जन
२९ वरिष्ठ चालक श्री कृष्णगोपाल श्रेष्ठ
३० वरिष्ठ चालक श्री माधव मगर
३१ वरिष्ठ चालक श्री वालकृष्ण श्रेष्ठ
३२ वरिष्ठ चालक श्री शुक्रबहादुर तामाङ्ग (क)
३३ वरिष्ठ चालक श्री सानुसन्ते तामाङ्ग
३४ वरिष्ठ चालक श्री मिनबहादुर घले गुरुङ्ग
३५ वरिष्ठ चालक श्री उद्धवबहादुर रैला क्षेत्री
३६ नायब संचार चालक श्री अच्युतप्रसाद अधिकारी
३७ वरिष्ठ पियन श्री चुडाप्रसाद थपलिया
३८ वरिष्ठ पियन श्री गोपाल महर्जन
३९ चालक श्री प्रदिप क्षेत्री

## वित्त व्यवस्थापन विभाग

१ कार्यकारी निर्देशक श्री अश्विनीकुमार ठाकुर
२ उप-निर्देशक श्री मेनका आचार्य
३ सहायक निर्देशक श्री इन्दुदेवी प्रधान मल्ल
४ सहायक निर्देशक (नगद) श्री रामप्रसाद शर्मा आचार्य
५ सहायक निर्देशक श्री कमानसिंह खड्का
६ प्रधान सहायक श्री चिरञ्जीवी गुरागाई
७ प्रधान सहायक श्री सरिता पौडेल
८ प्रधान सहायक श्री चन्द्रप्रसाद न्यौपाने
९ प्रधान सहायक श्री भूषण मल्ल
१० प्रधान सहायक श्री विष्णुप्रसाद गौतम
११ प्रधान सहायक श्री रेवतीप्रसाद श्रेष्ठ
१२ प्रधान सहायक श्री निरा पाठक
१३ सहायक श्री बालकृष्ण श्रेष्ठ
१४ मर्मत तथा सम्भार उप-सहायक श्री शर्मिला कँडेल
१५ वरिष्ठ पियन श्री गोकुलप्रसाद आचार्य
१६ वरिष्ठ पियन श्री कृष्णराम श्रेष्ठ
१७ वरिष्ठ पियन श्री सीता रिमाल

## अनुसन्धान विभाग

१ निर्देशक डा. विनोद आत्रेय
२ उप-निर्देशक श्री शालिग्राम दाहाल
३ उप-निर्देशक श्री रमेश दाहाल (क)
४ उप-निर्देशक श्री गोपालप्रसाद भट्ट
५ उप-निर्देशक श्री ज्ञानुकृष्ण अधिकारी
६ सहायक निर्देशक डा. विष्णुप्रसाद गौतम (ख)
७ सहायक निर्देशक श्री एकराँज कँडेल
८ सहायक निर्देशक श्री दीपा भट्टराई
९ सहायक निर्देशक श्री प्रदितकुमार रेग्मी
१० सहायक निर्देशक श्री कर्णबहादुर गुरुङ्ग
११ सहायक निर्देशक श्री दिवाकर पोखरेल
१२ सहायक निर्देशक श्री कमल आचार्य
१३ सहायक निर्देशक श्री कल्पना खापुङ्ग
१४ सहायक निर्देशक श्री सुमित्रा जोशी
१५ सहायक निर्देशक श्री यज्ञराज अधिकारी
१६ प्रधान सहायक श्री ममता अधिकारी
१७ प्रधान सहायक श्री रामशरण मैनाली
१८ मेकानिक्स श्री लक्ष्मीनारायण श्रेष्ठ
१९ वरिष्ठ पियन श्री गोमा आचार्य
२० वरिष्ठ पियन श्री कविता चौला
२१ वरिष्ठ पियन श्री श्रीकृष्णप्रसाद पौडेल
२२ वरिष्ठ पियन श्री बाबुकाजी पाण्डे

## विदेशी विनिमय व्यवस्थापन विभाग

१ कार्यकारी निर्देशक श्री रामजी रेग्मी
२ निर्देशक श्री नारायण धमला
३ उप-निर्देशक श्री विनोदकुमार तण्डुकार
४ उप-निर्देशक श्री कल्याणबन्धु अर्याल

५ उप-निर्देशक श्री रवीन्द्रकुमार खनाल
६ सहायक निर्देशक श्री राधिका कार्की (गौली)
७ सहायक निर्देशक श्री कमलप्रसाद ज्ञवाली
८ सहायक निर्देशक श्री शकुन्तला सुवेदी
९ सुपरभाइजर (कम्प्युटर) श्री हरिकिरण ढकाल
१० सुपरभाइजर (कम्प्युटर) श्री महेशबहादुर ढकाल
११ वरिष्ठ सहायक (कम्प्युटर) श्री हिराकाजी डंगोल
१२ वरिष्ठ सहायक (कम्प्यूटर) श्री जयराम राजभण्डारी

## आन्तरिक लेखापरीक्षण विभाग

१ कार्यकारी निर्देशक श्री विष्णु नेपाल
२ निर्देशक श्री हरिप्रसाद काफ्ले
३ निर्देशक श्री राजनविक्रम शाह
४ उप-निर्देशक श्री सुधा कोइराला
५ उप-निर्देशक श्री ऐजेन्द्रप्रसाद लुईटेल
६ उप-निर्देशक श्री कृष्णमुरारी घिमिरे
७ सहायक निर्देशक श्री लता के.सी.
८ सहायक निर्देशक श्री गोविन्दप्रसाद गौतम
९ सहायक निर्देशक श्री हुमाकान्त पन्थी
१० सहायक निर्देशक श्री कुलबहादुर के.सी.
११ सहायक निर्देशक श्री झपटबहादुर रावल
१२ सुपरभाइजर (कम्प्युटर) श्री केशवलाल राजभण्डारी
१३ प्रधान सहायक श्री कृष्णहरि पुडासैनी
१४ वरिष्ठ पियन श्री बलराम घिमिरे
१५ वरिष्ठ पियन श्री मुरारीप्रसाद घिमिरे

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

१ कार्यकारी निर्देशक श्री सुरेन्द्रमान प्रधान
२ उप-निर्देशक श्री वसन्तबहादुर शाक्य
३ उप-निर्देशक श्री गोविन्दप्रसाद शर्मा भट्टराई
४ सहायक निर्देशक श्री दीपककुमार उप्रेती
५ सहायक निर्देशक श्री प्रविण भट्टराई
६ सहायक निर्देशक श्री कुमारमणि रिसाल
७ सहायक निर्देशक श्री ऋषिराम आचार्य
८ सुपरभाइजर (कम्प्युटर) श्री मधुसुदनलाल श्रेष्ठ
९ प्रधान सहायक श्री सरोज थापा
१० वरिष्ठ पियन श्री लिलानाथ थपलिया

## बैंक सुपरिवेक्षण विभाग

१ निर्देशक श्री महाप्रसाद अधिकारी
२ उप-निर्देशक श्री वेदबहादुर खतिवडा
३ उप-निर्देशक श्री रामचन्द्र गौतम
४ सहायक निर्देशक श्री दीपक के.सी.
५ सहायक निर्देशक श्री मुक्तिनाथ चालिसे
६ सुपरभाइजर (कम्प्युटर) श्री मानबहादुर मल्ल
७ प्रधान सहायक श्री इन्द्रप्रसाद रेग्मी
८ प्रधान सहायक श्री विश्वकुमार के.सी.
९ वरिष्ठ सञ्चार चालक श्री रेखा के.सी.
१० वरिष्ठ पियन श्री राम महर्जन (ग)
११ वरिष्ठ पियन श्री मानबहादुर लामा

## वित्तीय संस्था सुपरिवेक्षण विभाग

१ निर्देशक श्री लोकबहादुर खड्का
२ निर्देशक श्री पूर्णबहादुर खत्री
३ उप-निर्देशक श्री बलराम पराजुली
४ उप-निर्देशक श्री रमण नेपाल
५ उप-निर्देशक श्री उद्धवलाल रञ्जितकार

६ उप-निर्देशक श्री शेरजङ्ग राना
७ उप-निर्देशक श्री नरहरि आचार्य
८ सहायक निर्देशक श्री प्रदिप अधिकारी
९ सहायक निर्देशक श्री केशवराज डोटेल
१० सहायक निर्देशक श्री हरिप्रसाद पौडेल
११ सहायक निर्देशक डा. खेमराज भेटवाल
१२ सहायक निर्देशक श्री प्रकाश थापा
१३ सहायक निर्देशक श्री राजेन्द्र पौडेल
१४ सुपरभाइजर (कम्प्युटर) श्री जयशंकर महर्जन
१५ प्रधान सहायक श्री लोकेन्द्रबहादुर कडायत
१६ प्रधान सहायक श्री राजेश खकुराल
१७ वरिष्ठ पियन श्री सागर सिंखडा

## लघु वित्त विभाग

१ सहायक निर्देशक श्री कृष्णमानसिं राउत
२ सहायक निर्देशक श्री बैकुण्ठप्रसाद सिग्देल
३ सहायक निर्देशक श्री रमेशराज सिग्देल
४ प्रधान सहायक श्री दामोदरप्रसाद आचार्य
५ वरिष्ठ पियन श्री केशवराज खकुराल

## सुचना प्रविधि विभाग

१ निर्देशक श्री पर्वतकुमार कार्की
२ सुपरभाइजर (कम्प्यूटर) श्री कृष्णगोपाल श्रेष्ठ
३ प्रधान सहायक श्री रचनामैया बज्राचार्य
४ प्रधान सहायक श्री दीपक अधिकारी

## वैकर्श प्रशिक्षण केन्द्र

१ का.मु. निर्देशक श्री अर्जुनबहादुर अधिकारी
२ उप-निर्देशक श्री वासुदेव अधिकारी
३ वरिष्ठ पियन श्री हरिमाया पुजारी

## कानून महाशाखा

१ उप-निर्देशक श्री कृष्णराज सिल्वाल
२ सहायक निर्देशक श्री प्रेमप्रसाद पाण्डेय्
३ सहायक निर्देशक श्री भोलानाथ प्रेमी
४ प्रधान सहायक श्री केदारप्रसाद खनाल

## राष्ट्र ऋण व्यवस्थापन विभाग

१ निर्देशक श्री चिन्तामणि सिवाकोटी
२ उप-निर्देशक श्री सीता घिमिरे
३ सहायक निर्देशक श्री केदारनाथ डोटेल

४ प्रधान सहायक श्री मुरारीप्रसाद न्यौपाने
५ प्रधान सहायक श्री किशोरकुमार थपलिया
६ प्रधान सहायक श्री कुमारबहादुर कार्की
७ प्रधान सहायक श्री विणा सुब्बा
८ प्रधान सहायक श्री खगेन्द्रप्रसाद गौतम
९ प्रधान सहायक श्री श्यामबहादुर लोहनी
१० वरिष्ठ पियन श्री लुरे पहरी

## संस्थागत योजना विभाग

१ कार्यकारी निर्देशक श्री गोकुलराम थापा
२ सहायक निर्देशक श्री पदमप्रसाद निरौला
३ वरिष्ठ पियन श्री हरिप्रसाद कुंइकेल

## बैकिङ्ग कार्यालय

१ निर्देशक श्री सिद्धीकृष्ण जोशी
२ का.मु. निर्देशक श्री मिष्ठा पराजुली
३ का.मु. निर्देशक श्री दीपकबहादुर थापा
४ सहायक निर्देशक श्री हेरम्बरत्न बज्राचार्य
५ सहायक निर्देशक श्री हरिप्रसाद नेपाल
६ सहायक निर्देशक श्री मीना चन्द
७ सहायक निर्देशक श्री गोपीकृष्ण बडाल
८ सहायक निर्देशक श्री भुपेन्द्रकुमार श्रेष्ठ
९ सहायक निर्देशक श्री हिरादेवी विष्ट
१० सहायक निर्देशक श्री शिवराम रेग्मी
११ सहायक निर्देशक (नगद) श्री माधवप्रसाद घिमिरे
१२ सहायक निर्देशक (नगद) श्री विष्णुप्रसाद खनाल
१३ सहायक निर्देशक (नगद) श्री फणिन्द्रबहादुर क्षेत्री
१४ सहायक निर्देशक (नगद) श्री प्रेमबहादुर चन्द ठकुरी
१५ सहायक निर्देशक श्री जुन अमात्य
१६ सञ्चार अधिकृत श्री दीपककुमार रोक्का
१७ वरिष्ठ फर्मासिष्ट श्री जितेन्द्रमान बज्राचार्य
१८ सुपरभाइजर (कम्प्युटर) श्री जीवनचन्द्र बज्राचार्य
१९ प्रधान सहायक श्री जगदीशप्रसाद ओझा
२० प्रधान सहायक श्री भैरवराज पन्त
२१ प्रधान सहायक श्री सुनिल ढकाल
२२ प्रधान सहायक श्री काजीराम थापा
२३ प्रधान सहायक श्री बद्रीकुमार कार्की
२४ प्रधान सहायक श्री विणा राजवंशी श्रेष्ठ
२५ प्रधान सहायक श्री बिमला भण्डारी नेपाल
२६ प्रधान सहायक श्री भगवती लामा
२७ प्रधान सहायक श्री पुरुषोत्तम खनाल
२८ प्रधान सहायक श्री सोनी पौडेल



२९ प्रधान सहायक श्री शिवराम गौतम
३० प्रधान सहायक श्री अशोकराज पाण्डे
३१ प्रधान सहायक श्री भगवती अधिकारी (चापागाई)
३२ प्रधान सहायक श्री महेन्द्रराज कार्की
३३ प्रधान सहायक श्री अशोककुमार अर्याल
३४ प्रधान सहायक श्री कृष्णमान श्रेष्ठ
३५ प्रधान सहायक श्री विकास पण्डित
३६ प्रधान सहायक श्री वसन्तबहादुर घर्ती मगर
३७ प्रधान सहायक श्री विष्णुप्रसाद कंडेल
३८ प्रधान सहायक श्री सिताराम खनाल
३९ प्रधान सहायक श्री इन्दुदेवी थपलिया
४० प्रधान सहायक श्री सवना वैद्य
४१ प्रधान सहायक श्री पद्मलक्ष्मी जोशी
४२ प्रधान सहायक श्री शरदकुमार अर्याल
४३ प्रधान सहायक श्री उमेशकुमार अधिकारी
४४ प्रधान नगद सहायक श्री शिशु बज्राचार्य
४५ प्रधान नगद सहायक श्री शिवलाल श्रेष्ठ
४६ प्रधान नगद सहायक श्री रवि भण्डारी
४७ प्रधान नगद सहायक श्री विक्रमबीरकुमार कोजू
४८ प्रधान नगद सहायक श्री मदनकुमार श्रेष्ठ
४९ प्रधान नगद सहायक श्री निर्मला श्रेष्ठ
५० प्रधान नगद सहायक श्री रामहरि पौडेल
५१ प्रधान नगद सहायक श्री राजेन्द्र श्रेष्ठ
५२ प्रधान नगद सहायक श्री शिवप्रसाद अर्याल
५३ प्रधान नगद सहायक श्री रामशरण लामा
५४ प्रधान नगद सहायक श्री केशु थापा
५५ प्रधान नगद सहायक श्री नविनविक्रम शाह
५६ प्रधान नगद सहायक श्री विनयप्रसाद अर्याल
५७ प्रधान नगद सहायक श्री विश्वम्भर अधिकारी
५८ सहायक श्री नारायणप्रसाद वडाल
५९ सहायक श्री रामेश्वर पुडासैनी
६० उप-सहायक श्री शनदराज पाण्डे
६१ सहायक सञ्चार चालक श्री मंगला आचार्य
६२ नायब टेलिफोन अपरेटर श्री गोकुलप्रसाद अधिकारी
६३ मेकानिक्स श्री श्यामकृष्ण श्रेष्ठ
६४ मेकानिक्स श्री राधेश्याम ढकाल
६५ चालक श्री रत्नलाल महर्जन
६६ वरिष्ठ पियन श्री अमृतबहादुर के.सी.
६७ वरिष्ठ पियन श्री लक्ष्मीमाया पोडेनी
६८ वरिष्ठ पियन श्री जयराम पण्डित क्षेत्री
६९ वरिष्ठ पियन श्री जवराज श्रेष्ठ
७० वरिष्ठ पियन श्री कमला शर्मा घिमिरे
७१ वरिष्ठ पियन श्री भावना महर्जन
७२ वरिष्ठ पियन श्री जीतगोविन्द महर्जन
७३ वरिष्ठ पियन श्री केशव गिरी
७४ वरिष्ठ पियन श्री रामभजन खड्का
७५ वरिष्ठ पियन श्री सानुकान्छा चौला
७६ का.मु. उप-सहायक श्री शिवकुमार महर्जन

## मुद्रा व्यवस्थापन विभाग

१ का.मु. कार्यकारी निर्देशक श्री मनमोहनकुमार श्रेष्ठ
२ निर्देशक श्री नरेश ढकाल
३ उप-निर्देशक श्री विजया बस्नेत क्षेत्री
४ उप-निर्देशक श्री माधवप्रसाद पोखरेल
५ सहायक निर्देशक श्री कृष्णप्रसाद उप्रेती
६ सहायक निर्देशक श्री विनोदमान श्रेष्ठ
७ सहायक निर्देशक श्री मोहन श्रेष्ठ
८ सहायक निर्देशक श्री कृष्णप्रसाद बगाले
९ सहायक निर्देशक श्री पुष्पा ओझा
१० सहायक निर्देशक श्री सुशिल घिमिरे
११ सहायक निर्देशक श्री रामप्रसाद उप्रेती
१२ सहायक व्यवस्थापक (नगद) श्री खेमराज पौड्याल
१३ सुपरभाइजर (कम्प्युटर) श्री चन्द्रमान महर्जन
१४ प्रधान सहायक श्री कृष्णप्रसाद घिमिरे
१५ प्रधान सहायक श्री रजनीबाबा श्रेष्ठ
१६ प्रधान सहायक श्री मुकुन्दध्वज खत्री
१७ प्रधान सहायक श्री गोपालबहादुर वस्नेत
१८ प्रधान सहायक श्री रवि वस्नेत
१९ प्रधान सहायक श्री ध्रुवप्रसाद गौतम
२० प्रधान सहायक श्री पुण्यप्रसाद बराल
२१ प्रधान सहायक श्री हरिकुमार कार्की
२२ प्रधान सहायक श्री जनार्दन गौतम
२३ प्रधान सहायक श्री माधव वस्नेत
२४ प्रधान सहायक श्री मिरा तिमिल्सिना
२५ प्रधान सहायक श्री कृष्णबहादुर कुँवर
२६ प्रधान सहायक श्री हरिकृष्ण कुँवर
२७ प्रधान सहायक श्री शंकरप्रसाद न्यौपाने
२८ प्रधान नगद सहायक श्री रामचन्द्र पुडासैनी
२९ प्रधान नगद सहायक श्री रमेशकृष्ण खरेल
३० प्रधान नगद सहायक श्री वलराम भुजू
३१ प्रधान नगद सहायक श्री जानुका भण्डारी
३२ प्रधान नगद सहायक श्री वलराम सत्याल
३३ प्रधान नगद सहायक श्री विश्वनाथ तौजले
३४ प्रधान नगद सहायक श्री टिकाप्रसाद चौलागाई
३५ प्रधान नगद सहायक श्री बृषबहादुर विष्ट
३६ प्रधान नगद सहायक श्री सृजना रेग्मी
३७ प्रधान नगद सहायक श्री मीना शाह ठकुरी
३८ प्रधान नगद सहायक श्री रामराजा श्रेष्ठ
३९ प्रधान नगद सहायक श्री जानकी प्याकुरेल
४० प्रधान नगद सहायक श्री गौरी अधिकारी
४१ प्रधान नगद सहायक श्री बाबुराम गिरी
४२ प्रधान नगद सहायक श्री राधा पण्डित (गिरी)
४३ उप-सहायक श्री शिवराम मगर
४४ उप-सहायक श्री रामकृष्ण सेढाई
४५ कालिगढ श्री बमबहादुर अधिकारी
४६ कालिगढ श्री रामकुमार गिरी
४७ कालिगढ श्री शंकर तामाङ्ग
४८ वरिष्ठ पियन श्री विनोद परियार
४९ वरिष्ठ पियन श्री गोपाल नगरकोटी
५० वरिष्ठ पियन श्री न्हुच्छेराज शाक्य
५१ वरिष्ठ पियन श्री सानाबाबु लामिछाने
५२ वरिष्ठ पियन श्री मिनु चौला

## टक्सार महाशाखा

१ निर्देशक श्री महेश भट्टराई
२ वरिष्ठ मेटलर्जिकल इन्जिनियर श्री सुशिलकुमार लाल कायस्थ
३ सुपरभाइजर (कम्प्युटर) श्री उपेन्द्रलाल बसी
४ प्रधान सहायक श्री गायत्री भट्टराई शर्मा
५ प्रधान सहायक श्री सुरज खत्री
६ मुख्य मोडेलर श्री केशव महर्जन
७ मुख्य मोडेलर श्री सुजितकुमार श्रेष्ठ
८ सहायक श्री रामहरि खतिवडा
९ वरिष्ठ मेकानिक्स श्री राजेन्द्र न्यौपाने
१० वरिष्ठ मेकानिक्स श्री प्रकाश घिमिरे
११ वरिष्ठ मेकानिक्स श्री सुरेशमान कर्माचार्य
१२ वरिष्ठ मेकानिक्स श्री अम्मरबहादुर जि.सी.



१३ वरिष्ठ मेकानिक्स श्री बुद्धिलाल श्रेष्ठ
१४ वरिष्ठ मेकानिक्स श्री धीरेन्द्रकुमार के.सी.
१५ वरिष्ठ मेकानिक्स श्री मधुप्रसाद उपाध्याय
१६ वरिष्ठ मेकानिक्स श्री निर्मलविभूषण ढकाल
१७ वरिष्ठ मेकानिक्स श्री सुर्यधर श्रेष्ठ
१८ वरिष्ठ मेकानिक्स श्री तीर्थनारायण महर्जन
१९ वरिष्ठ माउल्डर श्री गणेश विश्वकर्मा
२० वरिष्ठ माउल्डर श्री हेमराज शाक्य
२१ मेकानिक्स श्री अमरध्वज खड्का
२२ मेकानिक्स श्री भगत खत्री
२३ मेकानिक्स श्री बुद्धिबहादुर यण्डो
२४ मेकानिक्स श्री हिराबहादुर खड्का
२५ मेकानिक्स श्री कान्छा महर्जन
२६ मेकानिक्स श्री श्यामबहादुर श्रेष्ठ
२७ मेकानिक्स श्री रविन डंगोल
२८ कालिगढ श्री कान्छा मानन्धर
२९ वरिष्ठ पियन श्री शम्भुप्रसाद खकुरेल
३० वरिष्ठ पियन श्री राजकुमार विष्ट

## नेपाल राष्ट्र बैंक, विराटनगर

१ मुख्य व्यवस्थापक श्री जगदिश्वरप्रसाद अधिकारी
२ व्यवस्थापक श्री सुनिल मास्के
३ सहायक व्यवस्थापक श्री कुमारप्रसाद पोखरेल
४ सहायक व्यवस्थापक श्री केदारप्रसाद आचार्य
५ सहायक व्यवस्थापक श्री काशीप्रसाद खतिवडा
६ सहायक व्यवस्थापक श्री प्रमोद श्रेष्ठ
७ सहायक व्यवस्थापक (नगद) श्री गजेन्द्र श्रेष्ठ
८ सहायक व्यवस्थापक (नगद) श्री प्रकाशराज आचार्य
९ सुपरभाइजर (कम्प्यूटर) श्री शंकरबहादुर खतिवडा
१० सहायक व्यवस्थापक श्री गोकुलचन्द्र अधिकारी
११ प्रधान सहायक श्री शकुन्तला श्रेष्ठ
१२ प्रधान सहायक श्री मनोज वानिया
१३ प्रधान सहायक श्री प्रमोदकुमार शर्मा
१४ प्रधान सहायक श्री राजन दाहाल
१५ प्रधान सहायक श्री रामशरण शर्मा (दाहाल)
१६ प्रधान सहायक श्री हेमनारायण सिंह राजवंशी
१७ प्रधान सहायक श्री कमला खतिवडा
१८ प्रधान सहायक श्री विनोद पोखरेल
१९ प्रधान सहायक श्री रजनी श्रेष्ठ
२० प्रधान सहायक श्री रेवन्त कोइराला
२१ वरिष्ठ सहायक (कम्प्यूटर) श्री गोविन्दबहादुर खड्गी
२२ प्रधान नगद सहायक श्री संजिवकुमार राउत
२३ प्रधान नगद सहायक श्री भीष्म सुवेदी
२४ प्रधान नगद सहायक श्री जीतबहादुर थापा
२५ प्रधान नगद सहायक श्री नर्वदा धमला (राउत)
२६ प्रधान नगद सहायक श्री गर्गबहादुर बाँनिया
२७ प्रधान नगद सहायक श्री भोजराज भट्टराई
२८ प्रधान नगद सहायक श्री योगेन्द्र डाँगी
२९ प्रधान नगद सहायक श्री देवीजीप्रसाद महत

३० प्रधान नगद सहायक श्री राधिका गुरागाई
३१ प्रधान नगद सहायक श्री कुमारप्रसाद सत्याल
३२ उप-सहायक श्री श्यामकुमार थापा मगर
३३ वरिष्ठ पियन श्री विद्यालक्ष्मी थापा
३४ वरिष्ठ पियन श्री चक्रबहादुर राई
३५ वरिष्ठ पियन श्री हरिबहादुर खड्का
३६ वरिष्ठ पियन श्री नगेन्द्र खड्का
३७ वरिष्ठ पियन श्री प्रदिपप्रसाद खतिवडा
३८ वरिष्ठ पियन श्री राजु श्रेष्ठ
३९ वरिष्ठ पियन श्री तिलकप्रसाद गौतम
४० वरिष्ठ पियन श्री नारानबहादुर रानामगर
४१ वरिष्ठ पियन श्री डम्बरबहादुर खत्री

## नेपाल राष्ट्र बैंक, जनकपुर

१ सहायक व्यवस्थापक श्री सुशीलकुमार पाण्डे
२ सुपरभाइजर (कम्प्युटर) श्री रामबृक्ष पण्डित
३ प्रधान सहायक श्री रमा मैनाली
४ प्रधान सहायक श्री केशवप्रसाद घिमिरे
५ प्रधान नगद सहायक श्री मधुसुदनप्रसाद थपलिया
६ प्रधान नगद सहायक श्री सोमराजप्रसाद दाहाल
७ प्रधान नगद सहायक श्री उदयकुमार मण्डल
८ उपप्रधान चालक श्री लक्ष्मीनारायणसिंह दनुवार
९ उप-सहायक श्री अमरकुमार कर्ण
१० उप-सहायक श्री अब्दुलकलाम मियाँ मुकेरी
११ वरिष्ठ पियन श्री भेषराज शर्मा
१२ वरिष्ठ पियन श्री भुटना कापर
१३ वरिष्ठ पियन श्री रितबहादुर अधिकारी
१४ वरिष्ठ पियन श्री बैकुण्ठविहारी सिंह
१५ वरिष्ठ पियन श्री चन्दरदेवी मेहत्तर
१६ वरिष्ठ पियन श्री रविराम मेहत्तर

## नेपाल राष्ट्र बैंक, वीरगञ्ज

१ व्यवस्थापक श्री रमेशकुमार पोखरेल
२ सहायक व्यवस्थापक श्री दीपक सापकोटा
३ सहायक व्यवस्थापक श्री श्रीकुमार वस्नेत
४ सहायक व्यवस्थापक श्री संजयकुमार गौतम
५ सहायक व्यवस्थापक श्री श्यामकुमार नाग तमोली
६ सहायक व्यवस्थापक (नगद) श्री शम्भुकुमार श्रेष्ठ
७ प्रधान सहायक श्री अनिलकुमार खनाल
८ प्रधान सहायक श्री सगरचन्द्र गौतम
९ प्रधान सहायक श्री सुमनकुमार अर्याल
१० प्रधान सहायक श्री प्रकाश अर्याल
११ प्रधान सहायक श्री चिरञ्जीवी शाह
१२ वरिष्ठ सहायक (कम्प्युटर) श्री मृगेन्द्रप्रसाद मानन्धर
१३ सहायक श्री ईन्द्रप्रसाद दुलाल
१४ उप-सहायक श्री दिवाकरप्रसाद रेग्मी
१५ वरिष्ठ पियन श्री पन्नालाल साह
१६ वरिष्ठ पियन श्री उत्तमप्रसाद लामिछाने

## नेपाल राष्ट्र बैंक, पोखरा

१ मुख्य व्यवस्थापक श्री शिवनाथ पाण्डे
२ व्यवस्थापक श्री धनन्जय शर्मा
३ सहायक व्यवस्थापक श्री बृहस्पती अधिकारी
४ सहायक व्यवस्थापक श्री लेखनाथ पोखरेल
५ सहायक व्यवस्थापक श्री इन्द्रप्रसाद अधिकारी
६ सहायक व्यवस्थापक (नगद) श्री दुर्गाबहादुर शाह
७ सहायक व्यवस्थापक (नगद) श्री मातृकाराज घिमिरे
८ सुपरभाइजर (कम्प्यूटर) श्री बैठकलाल श्रेष्ठ
९ सुपरभाइजर (कम्प्युटर) श्री पूर्णबहादुर राना
१० प्रधान सहायक श्री बुद्धिसागर खनाल
११ प्रधान सहायक श्री कृष्णप्रसाद न्यौपाने
१२ प्रधान सहायक श्री कालीदास पौडेल
१३ प्रधान सहायक श्री यामबहादुर सुर्खाली
१४ प्रधान सहायक श्री देवेन्द्रराज लम्साल
१५ प्रधान सहायक श्री मुक्तिप्रसाद ढकाल
१६ प्रधान सहायक श्री गणेशकुमार मल्ल
१७ प्रधान सहायक श्री विष्णुराज पौडेल
१८ प्रधान सहायक श्री भरतराज आचार्य
१९ प्रधान सहायक श्री खिमबहादुर थापा
२० वरिष्ठ सञ्चार चालक श्री सरिता श्रेष्ठ
२१ प्रधान नगद सहायक श्री माधवराज पराजुली
२२ प्रधान नगद सहायक श्री लवकुमार थापा
२३ प्रधान नगद सहायक श्री भोलाप्रसाद पराजुली
२४ प्रधान नगद सहायक श्री रामजीप्रसाद अधिकारी
२५ सहायक श्री रामजीप्रसाद पौडेल
२६ चालक श्री मोहन गिरी
२७ वरिष्ठ पियन श्री बलराम खतिवडा उपाध्याय
२८ वरिष्ठ पियन श्री विष्णुहरि सापकोटा
२९ वरिष्ठ पियन श्री जीतबहादुर तामाङ्ग
३० वरिष्ठ पियन श्री वसन्त श्रेष्ठ
३१ वरिष्ठ पियन श्री काशीकुमारी पहारी
३२ वरिष्ठ पियन श्री रामप्रसाद रेग्मी
३३ वरिष्ठ पियन श्री यज्ञप्रसाद जोजीजु
३४ वरिष्ठ पियन श्री दिलिपराज शर्मा अधिकारी
३५ सहायक व्यवस्थापक श्री विश्वनाथ पौडेल
३६ सहायक व्यवस्थापक श्री ऋतुनाथ लम्साल
३७ प्रधान सहायक श्री इश्वरप्रसाद सुवेदी



## नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर

१ व्यवस्थापक श्री किशोरकुमार ढकाल
२ सहायक व्यवस्थापक श्री खेमबहादुर पुन
३ सहायक व्यवस्थापक श्री पडोहीप्रसाद चौधरी
४ सहायक व्यवस्थापक (नगद) श्री शिवहरि अर्याल
५ सहायक व्यवस्थापक (नगद) श्री रामचन्द्र शर्मा
६ सुपरभाइजर (कम्प्युटर) श्री शिवकुमार विश्वकर्मा
७ प्रधान सहायक श्री सपना पौडेल
८ प्रधान सहायक श्री कुमुदकुमार वर्मा
९ प्रधान सहायक श्री भक्तिराम ज्ञवाली
१० प्रधान सहायक श्री श्रवणसिंह श्रेष्ठ
११ प्रधान सहायक श्री शब्दरहुसेन मुसलमान
१२ वरिष्ठ सञ्चार चालक श्री हेमकुमारी गुरुङ्ग
१३ वरिष्ठ कुक कम केयर टेकर श्री शारदादेवी गुरुङ्ग
१४ वरिष्ठ सहायक (कम्प्युटर) श्री अनोककुमार विश्वकर्मा
१५ प्रधान नगद सहायक श्री कृष्णमुरली अर्याल
१६ प्रधान नगद सहायक श्री श्यामनारायण शर्मा
१७ उप-सहायक श्री इन्द्रावती गुप्ता
१८ वरिष्ठ पियन श्री मिठुदेवी थापामगर
१९ वरिष्ठ पियन श्री पूर्णवासी कोहार
२० वरिष्ठ पियन श्री षडानन्द उपाध्याय दाहाल
२१ वरिष्ठ पियन श्री दुर्गाप्रसाद अर्याल
२२ सहायक व्यवस्थापक श्री विजयकुमार श्रेष्ठ
२३ प्रधान सहायक श्री खेमप्रसाद शर्मा पौडेल
२४ प्रधान सहायक श्री सच्चिदानन्द त्रिपाठी

## नेपाल राष्ट्र बैंक, नेपालगञ्ज

१ सहायक व्यवस्थापक श्री विलासचन्द्र राई
२ सहायक व्यवस्थापक श्री काजीराम कार्की
३ सहायक व्यवस्थापक श्री शिवशंकर श्रेष्ठ
४ सहायक व्यवस्थापक श्री गुमेप्रसाद वि. कार्की
५ सुपरभाइजर (कम्प्युटर) श्री भुपेन्द्रबहादुर मल्ल
६ सुपरभाइजर (कम्प्युटर) श्री वासुदेव श्रेष्ठ
७ प्रधान सहायक श्री तेजप्रसाद तिमिल्सिना
८ प्रधान सहायक श्री गोविन्दप्रसाद श्रेष्ठ
९ प्रधान सहायक श्री पुरनसिंह कुंवर
१० प्रधान सहायक श्री चक्रबहादुर रावल
११ प्रधान सहायक श्री विष्णुकुमार थापा
१२ वरिष्ठ सहायक (कम्प्युटर) श्री तुलबहादुर बोहरा
१३ प्रधान नगद सहायक श्री इला शर्मा
१४ सञ्चार चालक श्री अरुणमान श्रेष्ठ
१५ उप-सहायक श्री अशोककुमार गोडिया
१६ वरिष्ठ पियन श्री रामचन्द्र वाल्मिकी
१७ वरिष्ठ पियन श्री गोपालबहादुर घर्ती
१८ सहायक व्यवस्थापक श्री सुरेशचन्द्र लुईटेल
१९ सहायक व्यवस्थापक श्री बाबुराम शर्मा

## नेपाल राष्ट्र बैंक, धनगढी

१ सहायक व्यवस्थापक श्री सागरप्रसाद सिग्देल
२ सहायक व्यवस्थापक श्री शम्भुराम श्रेष्ठ
३ सहायक व्यवस्थापक श्री कर्णबहादुर जप्रेल
४ सहायक व्यवस्थापक श्री जीतबहादुर महरा
५ सहायक व्यवस्थापक श्री किशन चन्द
६ सहायक व्यवस्थापक श्री विनोदकुमार सुवेदी
७ प्रधान सहायक श्री चक्रबहादुर शाही
८ प्रधान सहायक श्री जनकबहादुर सिंह
९ प्रधान सहायक श्री भानुभक्त जोशी
१० वरिष्ठ सहायक (कम्प्युटर) श्री केशवबहादुर मल्ल
११ प्रधान नगद सहायक श्री कमान चन्द
१२ वरिष्ठ पियन श्री धर्मबहादुर श्रेष्ठ

## अतिरिक्त दरवन्दी

१ उप-निर्देशक श्री श्रीप्रसाद पौडेल
२ उप-निर्देशक श्री श्यामप्रसाद खनाल

## विविध

१ अवकाशप्राप्त प्रधान नगद सहायक श्री बलराम रेग्मी
२ अवकाशप्राप्त वरिष्ठ पियन श्री जुमप्रसाद गुरुङ्ग
३ तत्कालीन वरिष्ठ पियन श्री पुरुषोत्तम महर्जन (मृत्यु)
४ तत्कालीन इलेक्ट्रिसियन श्री अर्जुनप्रसाद रेग्मी (मृत्यु)

सेवा उपहार पाउने अधिकृत तथा कर्मचारीहरुलाई समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

# वार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान




नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल राष्ट्र बैंक कर्मचारी संघले वैशाख १६ गते केन्द्रीय कार्यालय, बालुवाटारमा रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रमको उद्घाटन कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले गर्नुभएको थियो ।




संघका केन्द्रीय अध्यक्ष श्री वसन्तराज पाण्डेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बैंक भित्र र बाहिरका गरी ७० जनाले रक्तदान गरेका थिए । रक्तदाता श्री तुलसी उप्रेतीले ३१ औं पटक रक्तदान गर्नुभएको संघले जनाएको छ ।

यसैगरी संघले वैशाख १८ गते बैंकको थापाथलीस्थित कार्यालयमा पनि रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा ८१ जनाले रक्तदान गर्नुभएको संघले जनाएको छ ।

बैंकको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा संघले अन्तर बैंक भलिबल प्रतियोगिता र बालचित्रकला प्रतियोगिता आयोजना गर्ने जनाएको छ । भलिबल प्रतियोगितामा सहभागी हुने बैंकका दुई टोलीका लागि खेलाडीको छनौट वैशाख २७ गते गरियो । उक्त दिन सम्पन्न छनौट खेलबाट दुई टोलीका लागि १८ जना खेलाडीहरुको छनौट गरिएको छ ।

संघले गत वर्ष पनि अन्तरबैंक भलिबल प्रतियोगिता आयोजना गरेको थियो ।●



# वक्तृत्वकलामा घिमिरे र भट्टराई प्रथम

नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक केन्द्रीय समितिले वैशाख २५ गते बालुवाटारमा बाल वक्तृत्वकला प्रतियोगिता आयोजना गऱ्यो । प्रतियोगिताको उद्घाटन कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले गर्नुभएको थियो ।

प्रतियोगितामा ८ जना बालबालिकाहरुले आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए । प्रतियोगिता कक्षा ७ सम्म र कक्षा ८ देखि १० सम्म गरी दुई समूहमा सञ्चालन गरिएको थियो ।



पहिलो समूहमा सर्वश्री मनोहर भट्टराईकी सुपुत्री गृष्मा भट्टराई प्रथम भइन् । शिवप्रसाद अर्यालकी सुपुत्री सङ्गिता अर्याल द्वितीय र निर्मला श्रेष्ठका सुपुत्र आयुस श्रेष्ठ तृतीय भए ।

दोस्रो समूहमा बद्री घिमिरेका सुपुत्र विनम घिमिरे पहिला भए । गोविन्द भण्डारीका सुपुत्र प्रतिक भण्डारी दोस्रा र यज्ञराज अधिकारीका सुपुत्र सुजन अधिकारी तेस्रा भए भने सुरेशचन्द्र लुइँटेलका सुपुत्र प्रवेश लुइँटेल र शिवप्रसाद अर्यालकी सुपुत्री सञ्चिता अर्याल सान्त्वना पुरस्कारबाट पुरस्कृत भए ।

पुरस्कृत बालबालिकाहरुलाई डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

संघका केन्द्रीय अध्यक्ष श्री संजय मिश्रको सभापतित्वमा सञ्चालित उक्त समारोहमा केन्द्रीय महासचिव श्री राधाकृष्ण पुडासैनीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बैंकका विभागीय प्रमुखहरु लगायत वरिष्ठ अधिकृत तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

वार्षिकोत्सवको उपलक्ष्यमा संघले अन्तरविभागीय भलिबल प्रतियोगिता आयोजना गर्ने जनाएको छ ।●



# जनकपुरमा ५३ औं वार्षिकोत्सव

नेपाल राष्ट्र बैंक, जनकपुरले बैंकको ५३ औं वार्षिकोत्सवको अवसरमा वैशाख १४ गते जनकपुरमा एक समारोहको आयोजना गऱ्यो । वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयले संचालन गरेका विभिन्न प्रतियोगितामा विजयी कर्मचारीहरुलाई उक्त समारोहमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

समारोहका सभापति कार्यालयका कायममुकायम मुख्य व्यवस्थापक श्री झलक शर्मा आचार्य र प्रमुख अतिथि नेपाल राष्ट्र बैंक पूर्वकर्मचारी संघ, जनकपुरका अध्यक्ष श्री शंकरलाल कर्ण हुनुहुन्थ्यो ।

समारोहमा जनकपुरस्थित नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष श्री रामविलास महत्तो र नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकका अध्यक्ष श्री बाजुल हकशेषले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यालयका कायममुकायम व्यवस्थापक श्री रमानन्द मिश्रले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहको सञ्चालन प्रधान सहायक श्री रामप्रमोद शाहले गर्नुभएको थियो ।

५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयले वैशाख १४ गते म्यूजिकल चेयर प्रतियोगिता संचालन गऱ्यो । प्रतियोगितामा कायममुकायम मुख्य व्यवस्थापक श्री शर्मा प्रथम, उप-प्रधान चालक श्री चन्दर कामती द्वितीय र प्रधान सहायक श्री राममणि शर्मा तृतीय हुनुभएको थियो ।

यसैगरी वैशाख १३ गते धैंटोफोर र साइकल स्लो प्रतियोगिता सञ्चालन गरिएको थियो । धैंटोफोरमा कालिगढ श्री विजयकुमार न्यौपाने विजयी हुनुभयो । साइकल स्लोमा कालिगढ श्री न्यौपाने प्रथम, प्रधान सहायक श्री विजय के.सी. द्वितीय र श्री सुवर्णप्रसाद घिसिङ्ग तृतीय हुनुभएको थियो ।

वार्षिकोत्सवकै उपलक्ष्यमा कार्यालयले वैशाख ११ गते रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा रत्नेश्वरलाल कर्ण, सुवर्णप्रसाद घिसिङ्ग, राममणि शर्मा, रामविलास महत्तो, विजय के.सी., रमा मैनाली, सोमराज दाहाल, लवकुमार प्रधान, दिलिपकुमार विश्वकर्मा, वीरेन्द्रकुमार सिंह, विजयकुमार न्यौपाने, बाबुलाल वाइवा, महेन्द्रप्रसाद श्रेष्ठ, चुन्नु भट्टराई, परमजित यादव, रामचन्द्र बस्नेत, तुलसा भुजेल र बेबी भुजेलले रक्तदान गर्नुभएको थियो ।●

# सिद्धार्थनगरमा ५३ औं वार्षिकोत्सव कार्यक्रम

नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सव नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरले विभिन्न कार्यक्रम आयोजना गरी मनायो । वार्षिकोत्सवको अवसरमा कार्यालयले ब्याडमिन्टन, फुटबल लगायत कर्मचारीका छोराछोरीहरुका लागि बाल निबन्ध प्रतियोगिता आयोजना गरेको थियो ।

कार्यालयले वैशाख १४ गते कायममुकायम मुख्य व्यवस्थापक श्री मुकुन्द महत्तको सभापतित्वमा एक समारोहको आयोजना गऱ्यो । समारोहमा उहाँले वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित विभिन्न प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगीहरुलाई पुरस्कार वितरण गर्नुभयो ।

उक्त अवसरमा उहाँले कार्यरत संस्था बलियो भएमात्र कर्मचारीको हित हुने कुरा व्यक्त गर्दै कर्मचारीहरुले संस्थाको क्षमता विकास र सुदृढीकरणमा सघाउ पुग्ने गरी कार्य सम्पादन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कायममुकायम व्यवस्थापक श्री गोविन्द प्रसाद नागिलाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा पूर्व कर्मचारीहरुको तर्फबाट श्री डिकबहादुर विश्वकर्माले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समारोहमा सिद्धार्थनगरस्थित नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष श्री माधवराज ढकाल र नेपाल वित्तीय संस्था कर्मचारी संघका उपाध्यक्ष श्री शान्तिप्रसाद पाण्डेले आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यालयका सहायक व्यवस्थापक श्री राजेन्द्रप्रसाद भट्टराईले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहको सञ्चालन अर्का सहायक व्यवस्थापक श्री हेमनाथ त्रिपाठीले गर्नुभएको थियो ।

समारोहमा कार्यालयका अधिकृत तथा कर्मचारीहरु, प्रतियोगी बालबालिकाहरु र पूर्व कर्मचारीहरु गरी १५० जनाको उपस्थिति रहेको थियो ।●


# पोखरामा वार्षिकोत्सव

नेपाल राष्ट्र बैंक, पोखराले बैंकको ५३ औं वार्षिकोत्सव रक्तदान लगायतका कार्यक्रमहरुको आयोजना गरी मनायो । यसै उपलक्ष्यमा कार्यालयले मुख्य व्यवस्थापक श्री शिवनाथ पाण्डेको प्रमुख आतिथ्यतामा वैशाख ११ गते कार्यालयहाताभित्र सरसफाई कार्यक्रम सम्पन्न गऱ्यो ।

वैशाख १२ गते कार्यालय परिसरमा रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । मुख्य व्यवस्थापक श्री पाण्डेले शुभारम्भ गर्नुभएको उक्त कार्यक्रममा सर्वश्री केशव थापा, विश्वनाथ पौडेल, दुर्गाबहादुर शाह, तिलबहादुर गुरुङ्ग, बृहस्पती अधिकारी, बुद्धिसागर खनाल, कालिदास पौडेल, देवेन्द्रराज लम्साल, भरतराज आचार्य, ज्ञाज शर्मा, रामजीप्रसाद अधिकारी, मात्रिकाराज घिमिरे, लेखनाथ पोखरेल, ऋषिराम ढकाल, गोविन्दबहादुर थापा, सन्तोष अधिकारी, सुरेन्द्र बोहरा, मेघराज बराल र राम लामाले रक्तदान गर्नुभएको थियो ।

कार्यक्रम समापनको दिन नेपाल राष्ट्र बैंक, पोखराबाट अवकाशप्राप्त गरेका पूर्वकर्मचारीहरुको सम्मानमा कर्मचारी पुनरमिलन समारोह आयोजना गरिएको थियो । समारोहमा अवकाशप्राप्त कर्मचारीहरुले यस्ता कार्यक्रमले बैंकप्रति आफूहरुको श्रद्धा अझ बढ्न पुगेको विचार व्यक्त गर्नुभयो ।

समारोहमा मुख्य व्यवस्थापक श्री पाण्डेले वार्षिकोत्सवको अवसरमा आयोजित धैंटोफोड प्रतियोगितामा विजयीलाई पुरस्कार तथा रक्तदाताहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।



वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न कार्यालयका व्यवस्थापक सर्वश्री धनन्जय शर्माको संयोजकत्वमा सहायक व्यवस्थापकहरु बृहस्पति अधिकारी, विश्वनाथ पौडेल, तिलबहादुर गुरुङ्ग, लेखनाथ पोखरेल, दुर्गाबहादुर शाह, मात्रिकाराज घिमिरे, ऋषिराम बराल, सुपरभाइजर (कम्प्युटर) प्रतापराम पराजुली, यामबहादुर सुर्खाली र सरिता श्रेष्ठ सम्मिलित एक समिति गठन गरिएको थियो ।●

# आर्थिक लेखमा डा. गौतम र साहित्यिक विधामा श्री थापा प्रथम

बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा जनसम्पर्क महाशाखाले यस वर्ष पनि आन्तरिक आर्थिक तथा साहित्यिक लेख प्रतियोगिता सञ्चालन गऱ्यो।

प्रतियोगिताका लागि प्राप्त





लेख रचनाहरुको मूल्याङ्कनबाट आर्थिक लेखतर्फ अनुसन्धान विभागका सहायक निर्देशक डा. विष्णुप्रसाद गौतम प्रथम घोषित हुनुभएको छ। त्यस्तै साहित्यिक विधातर्फ बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक श्री राजनविक्रम थापा प्रथम हुनुभएको छ।

आर्थिक लेखतर्फ बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक श्री वसन्तबहादुर शाक्य द्वितीय र कानुन महाशाखाका सहायक निर्देशक श्री हरिकुमार नेपाल तृतीय पुरस्कारबाट पुरस्कृत हुनुभएको छ।

साहित्यिक विधामा नेपाल राष्ट्र बैंक, विराटनगरका प्रधान नगद सहायक श्री कल्पना भट्टराई दोस्रो र बैंक सुपरिवेक्षण विभागका कायममुकायम सहायक निर्देशक श्री सुमनकुमार नेपाल तेस्रो हुनुभएको छ।

प्रतियोगितामा पहिला, दोस्रा र तेस्रा हुने अधिकृत तथा कर्मचारीहरुलाई वैशाख १४ गते आयोजित ५३ औं वार्षिकोत्सव समारोहमा कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले प्रमाणपत्र वितरण गर्नुभयो। यसैगरी डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले नगद पुरस्कार वितरण गर्नुभयो।

प्रथम, द्वितीय र तृतीय पुरस्कारको राशी क्रमशः रु. दुई हजार, रु. एक हजार पाँच सय र रु. एक हजार तीन सय रहेको छ।●

## उद्धरण

नेपाल समाचारपत्र बाट
आइतबार, वैशाख १५, २०६५

# नेपाल राष्ट्र बैंकका चुनौती

नेपालको केन्द्रीय बैंकको रूपमा २०१३ सालमा स्थापित नेपाल राष्ट्र बैंक ५२ वर्ष पूरा गरी ५३औं वर्षमा प्रवेश गरेको छ। यसअवसरमा संस्थाका अगाडि रहेका चुनौतीहरूको विश्लेषण हुनु जरुरी छ। अझ संविधानसभाको निर्वाचनपछिको नयाँ राजनीतिक परिवेशमा नेपाल राष्ट्र बैंकले पनि नयाँ ढंगवाट जिम्मेवारी निर्वाह गरी नेपाललाई समुन्नत पार्ने तर्फ ध्यान दिनु आवश्यक छ।

देश संघीय संरचनामा गए पनि मौद्रिक नीति केन्द्रीय रूपमा नै सञ्चालन गरिन्छ। प्रत्येक प्रान्तमा भिन्न मुद्रा सम्भव छैन। नयाँ परिवेशमा पनि नेपाल राष्ट्र बैंकका अगाडि केन्द्रीय बैंकको रूपमा प्रभावकारी मौद्रिक नीति सञ्चालन गरी मूल्य स्थिरता कायम गर्नु नै पहिलो चुनौती रहने देखिन्छ। विगत पाँच वर्षमा नेपालको मूल्य औसत ५.५ प्रतिशत रहे पनि गतवर्षदेखि मूल्यमा चापको स्थिति देखा परेको छ। खास गरी विश्वव्यापी रूपमा पेट्रोलियम पदार्थ, खाद्यान्न र धातुजन्य वस्तुहरूको उच्च मूल्यवृद्धिले अन्तर्राष्ट्रिय रूपमा नै मुद्रास्फीतिमा चाप परिरहेको छ। केही महिनायता खाद्यजन्य वस्तुहरूको र निर्माण सामग्रीहरूको मूल्य उच्च रूपमा बढेको छ।

चालू आर्थिक वर्ष पहिलो सात महिनासम्म निजी क्षेत्रतर्फ उच्च कर्जा प्रवाह भई आन्तरिक कर्जा बढेको छ भने गतवर्षको तुलनामा मौद्रिक विस्तार पनि उच्च रहेको छ। अघिल्लो आर्थिक वर्षको सात महिनामा ९.४ प्रतिशतले बढेको विस्तृत मुद्राप्रदाय चालू आर्थिक वर्षको सोही अवधिमा १०.८ प्रतिशतले बढेको छ। तसर्थ मौद्रिक विस्तार रोक्नेतर्फ मौद्रिक नीति परिलक्षित हुनुपर्ने आवश्यकता छ। नेपाल राष्ट्र बैंकको अर्को चुनौतीको रूपमा वित्तीय क्षेत्रको विस्तार र वित्तीय स्थिरता रहेको छ। वित्तीय क्षेत्रको विस्तार नभई ग्रामीण क्षेत्रमा आर्थिक गतिविधिको विस्तार हुन सक्दैन।

अर्कोतर्फ आर्थिक क्रान्तिका लागि उत्पादन बढ्नुपर्दछ जसले प्रतिव्यक्ति आम्दानी बढ्न सक्छ र आर्थिक समानता कायम गर्न सजिलो हुन्छ। यसको लागि श्रमका अतिरिक्त वित्तको पनि महत्त्वपूर्ण भूमिका हुन्छ। नेपाल राष्ट्र बैंकले लघु वित्तको विस्तारलाई धेरै पहिलादेखि प्राथमिकता दिए पनि यसतर्फ आवश्यक सफलता हासिल हुन सकिरहेको छैन। त्यसो त ग्रामीण क्षेत्रमा औपचारिक वित्तीय क्षेत्र विस्तार हुन नसके पनि विगत केही वर्षयता शहरी क्षेत्रमा उल्लेख्य रूपमा वित्तीय संस्थाहरूको विस्तार भएको छ। अहिले हामीसँग २३ वाणिज्य बैंक, ५८ विकास बैंक, ७९ वित्त कम्पनी, १२ लघु वित्तीय विकास बैंक, १७ वटा सहकारी संस्था (राष्ट्र बैंकवाट लाइसेन्स प्राप्त) र ४७ वटा सीमित बैंकिङ्ग कारोबार गर्ने गैरसरकारी संस्थाहरू रहेका छन्। अधिकांश यी संस्था सन् १९९० पछिको वित्तीय उदारीकरण नीतिअन्तर्गत विस्तार हुन गएका हुन्। विकसित देशहरूको तुलना र वित्तीय पहुँचको हिसाबले अझै वित्तीय संस्थाहरू पर्याप्त नरहे पनि बढ्दो वित्तीय विस्तारसँगै देशमा वित्तीय स्थिरता कायम राख्ने चुनौती थपिँदै गएको छ।

सरकारी संलग्नता रहेका तीन वटा वाणिज्य बैंक र तीन वटा निजी क्षेत्रका वाणिज्य बैंकहरूको वित्तीय स्थिति सुधार्नुपर्ने आवश्यकता छ भने केही विकास बैंकहरू र वित्त कम्पनीहरूको वित्तीय स्थिति पनि संतोषजनक रहेको छैन। तर पनि वित्तीय संस्थाहरूको स्थापनातर्फ लगानीकर्ताहरू उत्साहित रहेको भने पाइन्छ। वित्तीय स्थिरतालाई मध्यनजर राखेर नै गत आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकले लघु वित्तीय संस्थाहरूबाहेकका अन्य वित्तीय संस्थाहरू स्थापना गर्न चाहिने चुक्ता पुँजी दोब्बर गराएको छ। अहिले वाणिज्य बैंक स्थापना गर्न २ अर्ब रुपियाँ चाहिन्छ भने राष्ट्रिय स्तरको विकास बैंक स्थापना गर्न ६४ करोड र वित्त कम्पनी स्थापना गर्न २० करोड रुपियाँ चाहिन्छ। यसले वित्तीय संस्थाहरूको पुँजी वृद्धि गर्नुको साथै वित्तीय संस्थाहरूको विस्तारमा केही संकुचन ल्याउने अपेक्षा गर्न सकिन्छ। वित्तीय संकटले वित्तीय क्षेत्रलाई मात्र होइन अन्य आर्थिक क्षेत्रलाई पनि असर पार्ने हुँदा वित्तीय स्थिरता कायम राख्न ध्यान दिनुपर्ने देखिन्छ। यसका लागि अन्तर्राष्ट्रिय स्तरका नियमनहरू लागू गर्नुपर्ने आवश्यकता छ भने निरीक्षण र सुपरिवेक्षण क्षमतालाई प्रभावकारी पार्दै लग्नुपर्दछ।

यसरी राजनीतिक रूपमा नयाँ परिवेश भए पनि राष्ट्र बैंकले मूल्य स्थिरता कायम राख्ने गरी मौद्रिक नीतिको सञ्चालन र यसको प्रभावकारिताको लागि वित्तीय स्थिरता कायम गर्नतर्फ आफ्नो नियमन र निरीक्षण क्षमतालाई खार्नुपर्ने देखिन्छ। यसका साथै वित्तीय क्षेत्रको विस्तार गरी बचत परिचालन गर्दै लगानी प्रवर्द्धन गरेर नै आर्थिक वृद्धिमा सहयोग पुग्ने देखिन्छ। मौद्रिक स्थिरता र वित्तीय स्थिरता कायम गरेर नै राष्ट्र बैंकले नयाँ नेपाल निर्माणमा सहयोग पुऱ्याउन सक्छ।

● प्रकाशकमार श्रेष्ठ

# विशेषाङ्क प्रकाशित

बैंकको ५३ औं वार्षिकोत्सवको अवसरमा यस पटक पनि जनसम्पर्क महाशाखाले नेपाल राष्ट्र बैंक समाचारको विशेषाङ्क प्रकाशित गरेको छ। अर्थ, वाणिज्य, वित्त, बैकिङ्ग, व्यवस्थापन, मौद्रिक तथा समसामयिक आर्थिक स्थितिका विविध विषयमा लेखिएका लेखहरु समाविष्ट रहेको यो विशेषाङ्क वैशाख १४ गते




प्रकाशित भएको हो।

विशेषाङ्कमा नेपाली भाषामा लेखिएका २४ र अंग्रेजी भाषामा लेखिएका २१ गरी ४५ वटा लेखहरु समाविष्ट छन्। विशेषाङ्कमा सदाभैं वार्षिकोत्सवको उपलक्ष्यमा कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले दिनुभएको वक्तव्यको पूर्ण पाठ समावेश गरिएको छ।

कुल २९८ पृष्ठको यो विशेषाङ्क समाचारको २९ औं विशेषाङ्क हो।

वार्षिकोत्सवकै उपलक्ष्यमा महाशाखाले मिर्मिरे मासिकको वैशाख अंक संस्मरण अंकको रुपमा प्रकाशित गरेको छ।●

## फोटो फिचर

नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा वैशाख १४ गते विशेष समारोहको आयोजना गरियो । उक्त समारोहका झलकहरू ।























*प्रकाशक*
**नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा**
फोन/फ्याक्स : +९७७-१-४४११९८, Ext.: ३६६, ३६९
ईमेल : prd@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**साधना उपाध्याय**

*सम्पादन सहयोगी*
**बिमला उपाध्याय, विन्दुप्रसाद अर्याल**
**रामकाजी खाइजू**